संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६६ र ६७

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ ३१ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:४० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै निम्नलिखित मा० सदस्यहरुले रणनीतिक महत्व रहेको उत्तरगंगा जलाशययुक्त आयोजनालाई छिटै सम्पन्न गर्नुपर्ने, रुकुम पूर्वका विभिन्न सडक आयोजनाहरु समयमा सम्पन्न हुनुपर्ने, पोखरा-बुटवलको सिद्धार्थ राजमार्गलाई दुई लेनको सडकमा स्तरोन्नति गरिनुपर्ने, भक्तपुर नगरपालिकामा इन्टरनेट बारम्बार अवरुद्ध भई अस्पताल सञ्चालन तथा ख्वप विश्वविद्यालयका विद्यार्थीहरुको अध्ययनमा वाधा भएकोले उक्त समस्या शीघ्र समाधान गर्नुपर्ने, जनताका समस्याहरुलाई सरकारसम्म पुऱ्याउन सभाको सदस्यको रुपमा मौका पाएको, दुई पटकको संसद विघटन र पुनर्स्थापना पछि सभाले आफ्नो कार्यकाल पुरा गरेको, बुढीगण्डकी जलाशययुक्त आयोजनाले प्रभाव पार्ने जमिन तथा संरचनाको उचित क्षतिपूर्ति तथा मुवाब्जा वितरण कार्य शीघ्र सम्पन्न हुनुपर्ने, रारा निकुञ्जलाई मुगुको पूर्वतिर स्थानातरण गरी रारा निकुञ्जमा आवादी स्थापना गरी व्यापार तथा व्यवसाय गर्न पाउने वातावरण तयार गर्नुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री कमला रोका
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री नारायण प्रसाद मरासिनी
४. मा० श्री प्रेम सुवाल
५. मा० श्री खेम प्रसाद लोहनी
६. मा० श्री गजेन्द्र बहादुर महत

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी कुमारी चौधरी
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री लालप्रसाद साँवा लिम्बु
४. मा० श्री विद्या भट्टराई
५. मा० श्री विना कुमारी श्रेष्ठ
६. मा० श्री विना देवी बुढाथोकी
७. मा० श्री विन्दा पाण्डे
८. मा० श्री विमला विश्वकर्मा
९. मा० श्री विशाल भट्टराई
१०. मा० श्री विष्णु शर्मा
११. मा० श्री शान्ता चौधरी
१२. मा० श्री सत्यनारायण शर्मा खनाल
१३. मा० श्री समिना हुसेन
१४. मा० श्री सरिता कुमारी गिरी
१५. मा० श्री सरवत आरा खानम
१६. मा० श्री सिताराम महतो
१७. मा० डा० सूर्यप्रसाद पाठक
१८. मा० श्री सञ्जय कुमार गौतम
१९. मा० श्री हिरा गुरुङ्ग

तत्पश्चात सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> माननीय अर्थमन्त्री जनार्दन शर्मा गणतन्त्र कोरियाको इन्चेयनमा आयोजना हुने हरित जलवायु कोष **(Green Climate Fund – GCF)** को विश्वव्यापी सम्मेलनमा सहभागी हुन मिति २०७९ भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री पम्फा भुसालले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।
>
> (शंकरदास बैरागी)
>
> मिति : २०७९/५/२६ मुख्यसचिव

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले प्रतिनिधि सभामा उत्पत्ति भएको "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९", "बीमा विधेयक, २०७९" र "सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देशहरु टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले "न्याय परिषद र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै आधा घण्टापछि बस्नेगरी दिनको १२:२० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री घनश्याम खतिवडा
३. मा० श्री खेमप्रसाद लोहनी
४. मा० श्री मोहन बानियां
५. मा० श्री नारायणप्रसाद खतिवडा
६. मा० श्री राजेन्द्र कुमार के.सी.

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री मृगेन्द्र कुमार सिंह यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री झपटबहादुर रावलले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ९२ रहेकोले सम्माननीय सभामुखले उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले “बीमा विधेयक, २०७९ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “बीमा विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री प्रेम सुवालले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित मा० सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा मा० सदस्यहरुको संख्या ८७ रहेकोले सम्माननीय सभामुखले उल्लिखित प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात मा० अर्थ मन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्रीको समेत कार्यभार सम्हाल्नु भएका मा० ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री पम्फा भुसालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सभाबाट स्वीकृत भयो ।

| सि.नं. | मा० सदस्यको नाम, थर | मिति | कारण |
|---|---|---|---|
| १. | मा० श्री लिलानाथ श्रेष्ठ | २०७९।२।१८ देखि २०७९।२।३१ सम्म<br>२०७९।४।१ देखि २०७९।४।३१ सम्म | सुगर तथा उच्च रक्तचापका कारण<br>खुट्टाको औंलाको सर्जरी |
| २. | मा० श्री ध्रुवकुमार शाही | २०७९।४।६ देखि २०७९।५।९ सम्म | अस्वस्थता |
| ३. | मा० श्री रविन्द्र राज शर्मा | २०७९।४।८ देखि २०७९।५।७ सम्म | घरायसी काम |
| ४. | मा० श्री कर्मा घले | २०७९।३।३१ देखि २०७९।५।३१ सम्म | स्वास्थोपचारको लागि विदेश |

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असोज १ गते शनिबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको २:१० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव